
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ ८ गते आइतबार ❑ 22 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रतिनिधिसभाको उपसभामुखमा राना निर्वाचित

रासस
काठमाडौं, ७ माघ

प्रतिनिधिसभाको उपसभामुख पदमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद इन्दिरा राना निर्वाचित हुनुभएको छ । प्रतिनिधिसभाको शनिबारको बैठकमा रानालाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तुत प्रस्तावको पक्षमा एक सय ६६ मत खसेको थियो ।

सभामुख देवराज घिमिरेले मतविभाजनको परिणाम सार्वजनिक गर्दै उहाँलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा उपस्थित सङ्ख्याको बहुमत पुगेकाले राना उपसभामुख पदमा निर्वाचित भएको घोषणा गर्नुभयो । उक्त प्रस्तावको विपक्षमा जम्मा ९७ मत खसेको थियो । मतदानमा जम्मा दुई सय ६४ मत खसेको थियो । एक जनाले भने



मत दिएनन् । रानालाई उपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा बहुमत देखिएकाले अर्को प्रस्तावलाई बैठकमा निर्णयार्थ प्रस्तुत गरिएन । रास्वपाका उम्मेदवार थापाको प्रस्तावकमा सोही दलका सोविता गौतम र समर्थकमा एमालेका कृष्णगोपाल श्रेष्ठ, नेकपा (माओवादी केन्द्र)का नारायणी शर्मा र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का राजेन्द्र लिङदेन हुनुहुन्थ्यो । नेपाली काङ्ग्रेसकी मुक्ताकुमारी यादवको प्रस्तावकमा कांग्रेस सहमहामन्त्री बद्रीप्रसाद पाण्डे र समर्थकमा नेकपा (एकीकृत समाजवादी)का नेता मेटमणि चौधरी र लोसपाका सर्वेन्द्रनाथ शुक्ल हुनुहुन्थ्यो ।

यसअघि कांग्रेसका अर्जुन नरसिंह केसी, रुपा सोशी चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीका सुमना श्रेष्ठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाही, जनता समाजवादी पार्टी, नेपालका राजकिशोर यादव, नेकपा (एकीकृत समाजवादी)का अम्मरबहादुर थापा र जनमत पार्टीका गोमा लाभ (सापकोटा)ले आ-आफ्ना पार्टीले समर्थन गरेका उपसभामुखका उम्मेदवारको पक्षमा मत दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका रामप्रकाश चौधरी, नागरिक उन्मुक्ति पार्टीका गङ्गाराम चौधरी, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी, स्वतन्त्र सांसद अमरेशकुमार सिंह, प्रभु साह र योगेन्द्र मण्डलले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही माघ १० गते मङ्गलबार अपराह्न १ बजे बस्नेछ ।

## विमान दुर्घटनाको सत्यतथ्य चाँडो सार्वजनिक गर्न माग

पोखरापत्र संवाददाता
पोखरा, ७ माघ

पोखरामा माघ १ मा भएको यती एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य चाँडो सार्वजनिक गर्न दुर्घटना पीडित परिवारका सदस्यले माग गरेका छन् ।

'यती एयरलाइन्स दुर्घटना प्रभावित नागरिक समाज'द्वारा आज पोखरामा आयोजित भेलामा पीडित परिवारजनले दुर्घटना जाँच आयोगले पीडित पक्षलाई दुर्घटनाबारे विश्वसनीय जानकारी दिन नसकेको र आफूहरुसँग सम्पर्कसमेत नगरेको दुःखेसो गरेका छन् । दुर्घटनामा परी निधन भएका स्व एसबिन गुरुङका ठूलाबुवा काजीमान गुरुङले दुर्घटनाले निम्त्याएको शोकलाई शक्तिमा बदल्दै स्व आत्माहरूको शान्तिका लागि सत्यतथ्य छानबिन हुनुपर्नेमा जोड दिनुभयो ।

स्थानीय र संघीय सरकारले दुर्घटनास्थलमा स्मारक पार्क बनाउनुपर्ने उहाँको माग छ ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य स्व त्रिभुवन पौडेलका परिवारका प्रतिनिधि तथा नागरिक समितिका सदस्य खेमराज शर्माले दुर्घटनाको सत्यतथ्य छिटो बाहिर ल्याउन आग्रह गर्दै दुर्घटनामा पीडित परिवारलाई क्षतिपूर्तिको यथार्थ विवरण थाहा दिन सरकारसँग आग्रह गर्नुभयो । भेलामा क्षेत्रगत प्रभावमा परेका अर्का समाजसेवी नागवेली टोलका संयोजक तथा समाजसेवी क्यामबहादुर गुरुङ र ख्यामनारायण शर्मा पौडेलले दुर्घटनापश्चात दमकल र एम्बुलेन्स घटनास्थल पुग्न गाह्रो भएकाले उद्धारमा अवरोध पुगेकोमा दुःख व्यक्त गर्नुभयो ।

समाजले आगामी माघ १३ मा शोकसभा आयोजना गर्ने अध्यक्ष तथा प्रेस स्वतन्त्रता सेनानी कुसुमकेशव पराजुलीले बताउनुभयो । समाजका सदस्य घनश्याम भण्डारीले १३औं दिनमा स्वस्तिशान्ति, पूजापाठ गर्ने सबै तयारी गरिएको बताउनुभयो ।

## नेपाल व्यवस्थापन संघ गण्डकी प्रदेश समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, ७ माघ

नेपाल व्यवस्थापन संघ गण्डकी प्रदेश समिति गठन गरिएको छ ।

संघका केन्द्रीय अध्यक्ष उपेन्द्र प्रसाद पौड्यालको अध्यक्षतामा शनिबार पोखराको होटल स्नोल्याण्डमा आयोजित एक समारोह बिच पृथ्वीनारायण क्याम्पसका प्राध्यापक डा. बिर बहादुर कार्कीको अध्यक्षतामा नयाँ समिति गठन भएको हो । नव गठित प्रदेश समितिको उपाध्यक्षमा देविलाल शर्मा (पृथ्वीनारायण क्याम्पस), सचिवमा माधव बस्ताकोटी (शंकर पेपर वर्कस् प्रा.लि.), कोषाध्यक्षमा सुर्य रोक्का (नविल बैंक लि. गण्डकी प्रदेश) चयन भएका हुन । त्यसैगरी सदस्यहरुमा दुर्गा प्रसाद हुमागाई



(सफल मिडिया हाउस प्रा.लि.), गणेश बहादुर थापा (होटल स्नोल्याण्ड, लेकसाइड), प्रकाश रेग्मी (नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज) र सिए अमित थापा (हिमश्री फुडस्) चयन भएका निर्वाचन समितिका संयोजक दिलिप पौडेलले जानकारी दिएका छन् ।

गण्डकी विश्वविद्यालयका कुलपती डा. गणेशमान गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नेपाल व्यवस्थापन संघका अध्यक्ष उपेन्द्र प्रसाद पौड्याल, महासचिव मोहन ओझा, पूर्वकोषाध्यक्ष दिलिप पौडेलले संघले हालसम्म गरेका गतिविधी र आगामी कार्यक्रमका विषयमा प्रकाश पारेका थिए । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्द राज मुल्मी, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, चेम्बर अफ कमर्स गण्डकीका अध्यक्ष किसान सुनार, नवनियुक्त अध्यक्ष डा. बिर बहादुर कार्की, दविलाल शर्मा लगायतले बोलेका थिए ।

## कोरला-त्रिवेणीलाई यातायात सञ्जालले जोड्नुपर्छ : मुख्यमन्त्री अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, ७ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले कोरला र त्रिवेणीलाई यातायात सञ्जालले जोड्नुपर्ने बताउनुभएको छ । बेनीमा शनिबार सातौं म्याग्दी महोत्सव तथा प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक, व्यापार मेलाको समापन गर्दै मुख्यमन्त्री अधिकारीले चीनको कोरला र भारतको त्रिवेणीलाई सडक र यातायात सञ्जालले जोड्न प्राथमिकता दिएको बताउनुभयो ।

'चीनको सिमाना कोरला र भारतको सिमाना त्रिवेणी नाकालाई सडक सञ्जालले जोडेर दुवै देशसँगको आर्थिक, सामाजिक र धार्मिक सम्बन्ध विस्तारमा हाम्रो प्राथमिकता रहेको छ', उहाँले भन्नुभयो, 'कालीगण्डकी करिडोर सडक गण्डकी प्रदेशको लाइफ लाइन हो । यहाँको उत्पादन र खनिजजन्य वस्तुको अन्तर ष्ट्रिय बजारका लागि दुवै नाका सञ्चालनमा हाम्रो जोड रहन्छ ।'

प्रकृति र संस्कृतिसँग सम्बन्ध कायम गरेर आर्थिक गतिविधिलाई अघि बढाउन



मेला महोत्सव सहयोगी हुने बताउँदै मुख्यमन्त्री अधिकारीले धैर्य र साहसतापूर्वक असहज अवस्थाको सामना गर्न उद्योगी व्यवसायीलाई आग्रह गर्नुभयो । 'उद्योगी व्यवसायीलाई अहिले गाह्रो परेको सरकारले महसुस गरेको छ', अधिकारीले भन्नुभयो, 'धैर्य गर्नुहोस्, उद्योग व्यवसाय बन्द नगर्नुहोस् । सरकार साथमा छ । साहस बटुलेर परिस्थितिको सामना गर्नुहोस् ।' संघीय संसद्ले आवश्यक छिटो ऐन, कानुन बनाएर प्रदेश र स्थानीय तहलाई काम गर्न सहज हुने वातावरण बनाइदिने मुख्यमन्त्री अधिकारीले अपेक्षा गर्नुभयो । उत्पादन वृद्धि र आत्मनिर्भरतामा सरकारको जोड रहेको बताउँदै उहाँले म्याग्दीमा बन्द रहेका स्लेट, तामा र खरिढुङ्गा खानी सञ्चालनका लागि आवश्यक ऐन, कानुन बनाउने प्रतिबद्धता जनाउनुभयो ।

बेनी अस्पतालको निर्माणाधीन ५० शय्या क्षमताको भवन निर्माणको ठेक्का लिएका निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहलाई जतिसक्दो छिटो काम सक्न निर्देशन दिँदै अधिकारीले बेनी बजार संरक्षण, बेनीको खुलामञ्च खेलमैदान निर्माणलगायतका योजनामा प्रदेश सरकारले साथ दिने बताउनुभयो । गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले म्याग्दीका धैरै योजना अधुरा, अलपत्र हुँदा नागरिकले सास्ती पाएको बताउँदै भूगोल र आवश्यकतालाई आधार मानेर बजेट, योजना र कार्यक्रम बनाउन मुख्यमन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापाले अधुरा र अलपत्र आयोजनालाई पूर्णता दिनै तीनै तहका सरकारको सक्रियता आवश्यक रहेको बताउनुभयो । महोत्सव मूल आयोजक म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष बेलबहादुर कटुवालले महोत्सवमार्फत म्याग्दीको सम्भावनाको उजागर, कला र संस्कृतिको संरक्षण, आर्थिक गतिविधिलाई चलायमान बनाउन र प्रतिभाको पहिचान गर्न सहयोग पुगेको बताउनुभयो ।

पुस २८ गतेदेखि बेनीको खुलामञ्चमा सञ्चालन भएको महोत्सवमा दुई सय ६० व्यापारिक कक्ष राखिएका थिए । महोत्सवको अवसरमा पालिकास्तरीय महिला-पुरुष भलिबल, लोकदोहोरी, चेम्बर लोकतारा, पुरुष बास्केटबल, लठो तान्ने, रत्यौली, छेलो फाल्ने, अन्धनिशान प्रतियोगिता आयोजना गरिएको थियो ।

## इन्जिनियरिङ कलेजको स्वतन्त्र विद्यार्थी परिषद्को अध्यक्षमा सिग्देल

पोखरापत्र संवाददाता
पोखरा, ७ माघ

पोखरा इन्जिनियरिङ्ग कलेजको स्वतन्त्र विद्यार्थी परिषद्को निर्वाचनमा बिराट सिग्देल नेतृत्वको नेपाल विद्यार्थी संघको प्यानल नै विजयी भएका छन् ।

शुक्रवार भएको निर्वाचनमा कुँडहर १३ निवासी सिग्देल विजयी भएका हुन । परिषद्को सचिवमा मिलन डुम्रे र कोषाध्यक्षमा कृति वाग्ले विजयी भएका हुन । त्यसैगरी सदस्यहरुमा क्रमश सुवाशचन्द्र पण्डीत, अनिश गिरी, सोभित



कार्की र भूमिका छुमी रहेका छन् । उता समानुपातिक तर्फ सदस्यमा आशिश पाण्डे, सुजन पोखरेल, गौरव गिरी र सुमिता पौडेल विजय भए । पिता गोविन्द सिग्देल र माता लक्ष्मी सिग्देलको कोखबाट २०५७ साल माघ ६ गते जन्मेका हुन् बिराट । सिग्देल जन्मेकै दिन अध्यक्ष बन्न सफल भएका छन् । कास्की मोर्डनाइज स्कूलमा अध्ययनरत रहुँदा २०७१ सालमा रेडक्रसमा जोडिएका सिग्देल विभिन्न संघ सस्थामा आवद्ध भएका थिए । घरमा आमाले नेपाली काग्रेसको झण्डा बोकेर जिन्दावाद भन्दा आँफुलाइ पनि जुरुक जुरुक भएको अनुभव भन्दै क्याम्पस पढ्दा परिवारको सबैभन्दा ठूलो सहयोगले आज यहाँ सम्म पुराएको भने सिग्देलले । मामा मोहन प्रसाद वाँस्तोलाले २०७४ सालमा वडा ११ मा वडा अध्यक्षमा उठ्दा पूर्ण रुपले काँग्रेसको रगत नसा नसामा वगिसकेको स्मरण गराए सिग्देलले । आफ्ना इस्टमित्र, साथीभाइ र सिग्देल दाजुभाइको प्रेणाले आज अध्यक्ष बन्न सफल भएको छु भने आगमी दिनमा अझ राजनीति वाट असल समाज र राष्ट्र निर्माणमा दिनरात खटिरहने सिग्देले भने । इन्जिनियरिङ्ग कलेजमा नेविसंघको जितले हामी सम्पूर्ण विद्यार्थीहरुको छाती चौडा वनाएको युवा नेता निरज लामिछानेले खुशी व्यक्त गरे ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# हिसान फुटसल कास्की जिल्ला छनौटमा सेमिफाइनल समिकरण पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ माघ**

हिसान गण्डकीको आयोजनामा पोखरामा प्रथम हिसान फुटसल प्रतियोगिताको कास्की छनौट प्रतियोगितामा सेमिफाइनल समिकरण पुरा भएको छ । सेमिफाइनलमा करुणनीधि एजुकेसन फाउन्डेसन, सगरमाथा मावि, कास्की मोडनाइ र जेसिए प्रबेश गरेका छन् ।

केफले सगरमाथालाई पेनाल्टि सुट आउटमा हराउदै सेमिफाइनलमा प्रबेश गरेको हो । निधारीत २० मिनेटको समयमा एक एक गोल भएपछि खेल पेनाल्टि सुटआउटमा पुगेको थियो । त्यसै गरी सगरमाथा ए ले लिटिल स्टेपलाई ५-३ गोल अन्तरले, माउन्ट अन्नपुर्णले कास्की मोडनाइजलाई ५-२ र जेसिएले



सृजना सेकेन्डरी स्कुललाई ३-२ गोलले हराउदै सेमिफाइनलमा प्रबेश गरेका हुन् ।

शनिबार भएको पहिलो खेलमा सगरमाथा विले बालोदयलाई ६-२, लिटिल स्टेपले प्रतिभा माविलाई १-०, केफले स्पाइरल ग्यालेक्सिलाई ३-१, सगरमाथाले सिशुनिकेतनलाई ४-१ ले, माउन्ट अन्नपुर्णले डाइमण्ड स्कुललाई २-१ ले, जेसिएले प्रगती बोडिङ स्कुललाई २-१, कास्की मोडनाइजले रेम्बो एकेडेमीलाई ३-१ ले र सृजनाले ग्लोबल कलेजियटलाई ट्राइबेकरमा हराउदै क्वाटरफाइनलमा प्रबेश गरेका थिए । आइतबारसम्म सञ्चालन हुने प्रतियोगितामा २९ टिमको सहभागीता रहेको थियो । प्रतियोगितामा हिसान गण्डकीको सदस्य विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाएका छन् । कास्की जिल्लाबाट ८ टिम छनौट भै प्रदेशस्तरीय प्रतियोगितामा सहभागीता जनाउने छन् । जिल्ला स्तरीय प्रतियोगिताको विजेता र उपविजेता टिम र उत्कृष्ट खेलाडीले मेडल, प्रमाणपत्र र ट्रफि प्राप्त गर्ने छन् । कास्कीबाट ८ र अन्य जिल्लाबाट ८ गरी १६ टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्ने प्रतियोगिताका संयोजक सन्तोष पराजुलीले जानकारी दिए । फागुन पहिलो साता प्रदेशस्तरीय प्रतियोगिता हुने उनले बताए । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने छन् । पोखरा ४ गैरापाटनमा रहेको वि- फिट फुटसलमा छनौट प्रतियोगिता चलेको छ ।

# गण्डकी अटो मेकानिकल एशोसिएशनको अध्यक्षमा मिश्र

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ माघ**

गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएशनको १४ औं अधिवेशनले सन्तोष कुमार मिश्रको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

निर्वाचित समितिको वरिष्ठ उपाध्यक्षमा योगेन्द्रराज भण्डारी, उपाध्यक्ष कृष्ण बहादुर खाँड, महासचिव विष्णु प्रसाद अधिकारी, सचिव हिमाल तिमिल्सिना, कोषाध्यक्ष अर्जुन प्रसाद उप्रेति, सह कोषाध्यक्ष लिल बहादुर सुनार रहेका छन् । सदस्यहरुमा क्रमश एक बहादुर बानिया, जगन्नाथ गर्तौला, नवराज सुनार, हुमराज भण्डारी, जिरजोधन बैठा, सन्तोष राउत कुर्मी, निहाल अन्सारी, जय प्रकाश शर्मा रहेका छन् ।

अधिवेशनको शुभारम्भ गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले अटो मेकानिकल व्यवसायलाई



व्यवस्थापन गर्न तीन ठाउँमा अटो ल्याण्ड निर्माण गरिने बताए । नवनिर्वाचित समितिलाई पदस्थापन गराउँदै नेपाल अटो व्यवसायी महासंघका उपाध्यक्ष कुल बहादुर नेपालीले मेकानिक्सको क्षमता, दक्षता विकासका लागि महासंघमार्फत सहयोग गरिने बताए । निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता सल्लाहकार माधवराज बाँस्तोलाको सभापतित्वमा भएको कार्यक्रममा महासंघ प्रदेश अध्यक्ष सन्तकुमार भट्राई, पूर्व अध्यक्ष सानुमान जलारी, रेडक्रस गण्डकी प्रदेश अध्यक्ष सूर्यप्रसाद ढकाल, प्रेस सल्लाहकार कृष्ण बहादुर थापा, तालवाराही साप्ताहिकका प्रकाशक सूर्य सिकारु, पूर्व कोषाध्यक्ष रत्न बहादुर थापा, कार्यालय प्रमुख पार्वती बराल लगायतले आ आफ्ना धारणा राखेका थिए । एशोसिएशनले १५ वर्षदेखि व्यवस्थित रुपमा अटो मेकानिकल व्यवसाय सञ्चालनमा अटो ल्याण्ड आवश्यकता रहेकाले सो मा सहयोग गर्न पोखरा महानगरपालिका लगायतका संघसंस्थासँग सहयोग माग्दै आएको छ ।

# गण्डकी प्रदेशको मुख्य न्यायाधिवक्तामा बराल नियुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ माघ**

गण्डकी प्रदेशको मुख्य न्यायाधिवक्तामा श्रीकान्त बराल नियुक्त हुनुभएको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले बराललाई शनिबार मुख्य न्यायाधिवक्तामा नियुक्त गर्नुभएको हो । मुख्य न्यायाधिवक्तामा नियुक्त हुनुभएका बराल पोखरा महानगरपालिका वडा नं २६ बरालडाँडा निवासी हुनुहुन्छ । नवनियुक्त महान्यायाधिवक्ता बरालले आजै शपथ लिनुभएको छ । बराललाई उच्च अदालत पोखराका मुख्य न्यायाधीश डिल्लीराज आचार्यले शपथ गराउनुभएको थियो ।

शपथ समारोहमा प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, मुख्यमन्त्री खगराज अधिकारीको उपस्थिति थियो । बरालले कानुन र राजनीतिशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । हाल उहाँ काठमाडौंमा सिरमर ल फर्म सञ्चालन गरी वकालत गर्दै आउनुभएको छ ।

# कान्तिपुर डेन्टल हस्पिटलको निःशुल्क स्वास्थ्य जाँच ज्ञान गंगा स्कुलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ माघ**

कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ साइन्स एण्ड कान्तिपुर डेन्टल हस्पिटल पोखरा न्यूरोडले शनिवार निःशुल्क हेल्थ चेकअप कार्यक्रम सम्पन्न गरेको छ ।



कार्यक्रम ज्ञान गंगा स्कुल पोखरा-१४ चाउथेको प्राङ्गणमा भएको थियो । सो अवसरमा निःशुल्क सुगर, कोलेस्ट्रोल, यूरिक एसिडको २७५ जनाको रगतको परीक्षण गरिएको थियो । साथै सो अवसरमा निःशुल्क दाँतको समेत परीक्षण गरिएको थियो । कार्यक्रमको अध्यक्षता डा.वेविना श्रेष्ठले गर्नुभएको थियो भने प्रमुख अतिथि प्रदेश सभा सदस्य सांसद वेद बहादुर गुरुङ रहनुभएको थियो । सो अवसरमा प्रमुख अतिथि गुरुङले हस्पिटलले यसरी समाजिक कार्य गरी समाजमा स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउनु राम्रो कार्य भएको बताउनुभयो । हस्पिटलले यस्ता स्वास्थ सम्बन्धी कार्यहरु टोल टोलमा पुऱ्याउनु पर्ने बताउनुभयो । कार्यक्रमको विशेष अतिथिमा प्रतिकमान श्रेष्ठ, अतिथिमा बृष्टि गुरुङ, डा. मनिष भट्टराई, निश्चल छिमाल, श्रेया थापा, शर्मिला शर्मा, पुष्पा अर्याल, अनिल अधिकारी, शुशिला गुरुङ, ज्ञान गंगा स्कुलका प्रिन्सिपल शिला थापा, प्रतिभा टोल बिकास संस्थाका अध्यक्ष रामचन्द्र सापकोटा, प्रतिभा आमा समूहका अध्यक्ष रिता कुँवर, प्रतिभा टोलका निर्वतमान अध्यक्ष चेत बहादुर खत्री लगायत रहेका थिए । विशेष अतिथि प्रतिकमान श्रेष्ठ, अतिथि निश्चल छिमाल लगायतले स्वास्थ्य सम्बन्धी हस्पिटलले गरेका कार्य बारे जानकारी गराउनुभयो । उक्त कार्यक्रममा स्वागत मन्तव्य सिएमएलटीका तेस्रो वर्षका विद्यार्थी स्वस्तिक अधिकारीले गर्नु भएको थियो । सोही अवसरमा ज्ञान गंगा स्कुलका प्रिन्सिपल शिला थापाले यसरी स्वास्थ्यमुलक जनचेतना कार्यक्रम विद्यालयमा संचालन गर्न पाएकोमा आफु खुसी भएको बताउनु भयो । विद्यालयलेयस्ता स्वास्थ्यवर्धककार्यक्रमकोसंचालन र सहकार्य गर्न हरेक क्षेत्रसँग तयार रहेको बताउनुभयो । उक्त कार्यक्रमकोआयोजकहस्पिटलका सिएमएलटीका दोस्रो वर्षमा अध्ययनरत विद्यार्थी रहेका थिए ।

# समाजसेवी पौडेल र श्रेष्ठ सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ माघ**

शिक्षिका तथा समाजसेवी शोभा पौडेललाई सानिमा स्मृति पुरस्कार र समाजसेवी विष्णुदेवी श्रेष्ठलाई २०७९ सालको सिद्धि-सेतुली स्मृति पुरस्कारले सम्मान गरिएको छ ।

सिद्धि-सेतुली स्मृति प्रतिष्ठान, पोखराले आयोजना गरेको कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले उहाँहरुलाई सम्मान गर्नुभएको हो । पुरस्कारको राशि जनही रू १५ हजार छ । प्रतिष्ठानले सामाजिक जागरणमा सेवा पुर्याएको भन्दै श्रेष्ठलाई सम्मान गरेको हो । श्रेष्ठ चितवनमा जन्मिएर हाल पोखरा-१४ चाउथेमा बस्दै आउनुभएको छ । साथै लामो समयदेखि शैक्षिक सेवामा संलग्न रही अपाङ्गता भएकाहरूको सशक्तीकरणमा भूमिका खेलेको भन्दै शिक्षक पौडेललाई सम्मान गरिएको हो । पौडेल दृष्टिबिहीन हुनुहुन्छ । कार्यक्रममा सात जना ज्येष्ठ नागरिकलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा बोल्दै प्रमुख आमन्त्रित व्यक्तित्व राष्ट्र बैंकका पूर्वगनर्भर क्षेत्रीले देशमा भ्रष्टाचारले जरा गाड्दै जानु दुःखद भएको बताउनुभयो । राजनीतिक दलका नेता भ्रष्टाचारमा लिप्त हुँदा समाजमा गलत परम्परा र विकृति फैलिएको उहाँको भनाइ छ । राजनीतिकै कारण समाज पनि भ्रष्टाचारतर्फ अघि बढेको उहाँको धारणा थियो ।

# पोखरा महोत्सवमा दर्शक बढ्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ माघ**

अमरसिंह चौरमा जारी एघारौं पोखरा महोत्सवको एघारौ दिन दर्शकको उल्लेख्य सहभागीता रहयो ।



महोत्सवमा शनिवार मात्रै महोत्सवमा ५० हजार दर्शकले प्रत्यक्ष अवलोकन गरे । महोत्सवमा दर्शकको उपस्थिती संगै कारोबार समेत बढेको छ । शनिवार करिब एक करोड बरावरको कारोवार भएको महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए । यसैबिच एघारौं पोखरा महोत्सवमा सामाजिक ब्याक्तित्व तथा महिला उद्यमी समेत रहेकी लक्ष्मी शर्मा भट्टराई सम्मानित भएकी छिन । शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन प्रवर्द्धनमा काम गर्दै आइरहेको युनाईटेड क्लवले एघारौं पोखरा महोत्सवमा आफ्नो स्वास्थ्य कार्यक्रम अन्तर्गत जटिल रोग संग जुध्दै अगाडि वढिरहेकी पोखरा १७ निबासी सामाजिक अभियनता एवं महिला उद्यमी समेत रहेका लक्ष्मी शर्मा भट्टराईलाई नगद र प्रमाण पत्र र दोसल्ला सहित सम्मान गरेको हो । भट्टराईलाई युनाईटेड क्लबका निवर्तमान अध्यक्ष लालकाजी गुरुङ, संस्थापक अध्यक्ष हिमालय बखेल, पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, क्लवका अध्यक्ष तथा महोत्सव मुल समारोहका संयोजक राजु श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापा, प्रथम उपाध्यक्ष गणेश तिमिल्सिना, द्धितिय उपाध्यक्ष शान्त बहादुर थापा, महासचिव दिनेश सुनार, कोषाध्यक्ष सूर्य बहादुर बानिया, सचिव पूर्ण कला पोखेल र कोषाध्यक्ष सीमा गुरुङ सहित क्लवका कार्यसमिति सदस्य एवं स्वास्थ्य समिति संयोजक जयराम आचार्यले दोसल्ला, नगद र सम्मान पत्र सहित सम्मान गरेका थिए । सो अवसरमा वोल्दै सम्मानित ब्याक्तित्व लक्ष्मी शर्मा भट्टराईले आफु क्यान्सर जस्तो रोगबाट ग्रसित भइरहदा विभिन्न ब्याक्ति तथा संघ संस्थाको सहयोगले आफुमा आत्मबल बढेको वताउदै स्वास्थ्य क्षेत्रमा समेत काम गर्दै आइरहेको युनाइटेड क्लवले केही आथिक सहयोग सहित सम्मान गरेकोमा धन्यवाद ब्यक्त गर्दै कुनैपनि रोग लागेका हरुलाई आत्मबल बढाउने गरी सबैले सहयोग गर्नुपर्नेमा जोड दिइन । भट्टराई नेपाल सरकार महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट उत्कृष्ट महिला उद्यमीको रुपमा समेत सम्मानित भएको हुंदा युनाइटेड क्लबले सम्मान सहित बधाइ समेत ज्ञापन गरेको थियो । महोत्सवमा शनिवार चर्चित लोकदोहोरी गायक रामजी खाँडको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरजन्न लिए । खाँड संगै लोकदोहोरी तर्फ जीवन दाहाल, शिवहरी ढुंगाना, कृष्ण अखेली, सुदीप क्षेत्री, घनश्याम रिजाल, सुमन खड्का, सविना गुरुङ, माया केसी, पुजा गुरुङ लगायतको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिए । त्यस्तै पुरुषोत्तम भण्डारी (पुर्खे बा)को हास्य प्रहसनद्धारा दर्शकहरुले मनोरन्जन लिनुका साथै साँझको लाइभ ब्याण्डमा युवाहरु बीच चर्चित भिटेनको प्रस्तुतीमा महात्सवमा उपस्थित युवाहरुले भरपुर मनोरन्जन लिएको प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

महोत्सवको एघारौं दिन लोकदोहोरी तर्फ राजु परियार, जीवन दाहाल, अस्मिता डल्लाकोटी, शिवहरी ढुंगाना, सुरेन्द्र गुरुङ, प्रदिप त्रिपाठी, करण तामाङ, मधु चापागाइ, रामजी पौडेल, सिता केसी, रिता कुंवर लगायतको प्रस्तुती रहनेछ । त्यसैगरी साँझको लाइभ कन्सर्ट तर्फ दीक्षिता कार्कीको प्रस्तुती रहनेछ । आइतबार बिद्यालय स्तरिय लोकनृत्य प्रतियोगिताको समेत फाइनल हुने छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# समाजसेवीलाई उच्च पदको सम्मान

प्रतिनिधि सभाको उपसभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद इन्दिरा राना मगर निर्वाचित भएकि छन। सत्तारुढ दलको समर्थनमा उपसभामुख पदको उम्मेदवार बनेकी मगर १६६ मत ल्याएर निर्वाचित भइन । प्रतिस्पर्धी नेपाली कांग्रेसका सांसद मुक्ताकुमारी यादवले ९७ मत प्राप्त गरिन । प्रतिनिधि सभाको बैठकमा उपस्थित २६४ मध्ये एक जनाले मत दिएनन । रानामगरको प्रस्तावकमा रास्वपाका सोविता गौतम र समर्थकमा एमालेका कृष्णगोपाल श्रेष्ठ,माओवादी केन्द्रका नारायणी शर्मा र राप्रपाका राजेन्द्रप्रसाद लिङ्देन थिए । कांग्रेस उमेदवार यादवको प्रस्तावकमा कांग्रेसका बद्रीप्रसाद पाण्डे र समर्थकमा नेकपा एसका मेटमणि चौधरी र लोसपाकासर्वेन्द्रनाथ शुक्ला थिए ।

राजनीतिक क्षेत्रमा नयाँ राना सामाजिक क्षेत्रमा अब्बल र कुशल नेत्रीका रूपमा स्थापित छन। मङ्सिर ४ गते सम्पन्न संघीय निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फबाट प्रतिनिधि सभाको सदस्य बनेकी हुन।साहित्यकार पारिजातको समाजसेवाबाट प्रभावित भएर सामाजिक काममा सक्रिय रानामगरले बाबुआमासँगै जेलमा बस्न बाध्य बालबालिकालाई आश्रय दिदै आएकी छन । बन्दी सहायता नेपालकी संस्थापक राना मगरले बुबाआमा जेल पर्दा अलपत्र भएका बालबालिकाको स्याहार र शिक्षामा सहयोग गर्दै आएकी उनलाई नेपालमा मात्र नभई विश्वभर चिनाएको छ ।

१२ वटा बालगृह, दुई वटा विद्यालय, चार वटा दिवा हेरचाह केन्द्र चलाउनुका साथै विभिन्न सामाजिक काम गर्दै आएको संस्थाले करिब एक हजार पाँच सय बालबालिकाको हेरचाह गर्दै आइरहेको छ। सन् २०१४ मा स्विडेनकी रानी सिल्भियाले उनलाई वर्ल्ड चिल्ड्रेन्स अनररी अवार्ड प्रदान गरेकी थिइन् । सन् २००५ मै 'अशोका फेलो' प्राप्त गर्न सफल उनले दर्जनौं राष्ट्रिय र अन्तर्राष्ट्रिय अवार्ड पाउन सफल भएकी उनी सन् २००९ मा एसियाका शीर्ष २१ नेतृत्वले पाएको जनसेवा अवार्ड हात पारेकी थिइन । सन् २०१७ मा बीबीसीको प्रेरणादायी तथा सिर्जनशील महिलाको सूचीमा समेत उनको नाम थियो ।

२०२७ सालमा झापाको शनिश्चरे-६ सालबारीमा प्रतापसिंह र मनमाया मगरकी कान्छी छोरीको रूपमा उनको जन्म भएको हो । १३ महिने शिशुदेखि सयौंको 'आमा' बनिसकेकी उनको बाल्यकालसमेत अभावपूर्ण थियो । इन्दिरा ११ वर्षमा एकै पटक पाँच कक्षामा भर्ना हभएकी उनले २०५३ मा स्नातक गरेर समाजसेवामा लागेकी उनलई अब संवैधानिक परिषद्को सदस्य भएर पदाधिकारी चयनमा पनि सक्षम र ईमान्दार नेतृत्व दिने अवसरको सदुपयोग आबश्यक छ ।

# दुर्घटनाग्रस्त विमानको 'ब्ल्याक बक्स' फ्रान्स पठाइँदै

रासस
काठमाडौं, ७ माघ

माघ १ मा पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनाको प्राविधिक विश्लेषणका लागि 'ब्ल्याक बक्स' फ्रान्स पठाइने भएको छ । फ्रान्समा रहेको एटिआर विमानको निर्माता कम्पनी समक्ष प्राविधिक विश्लेषणका लागि पठाउन लागिएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव एवं विमान दुर्घटना जाँच आयोगका सदस्यसचिव बुद्धिसागर लामिछानेले विज्ञसहित ब्ल्याक बक्स फ्रान्स पठाउन लागिको जानकारी दिनुभयो । "ब्ल्याक बक्स परीक्षणका लागि अर्को हप्ता जहाज निर्माता कम्पनी फ्रान्स पठाउँदैछौं । दुर्घटनाको प्रभावकारी अनुसन्धानका लागि यसले सहयोग पुग्ने विश्वास गरेका छौं", उहाँले भन्नुभयो ।

दुर्घटनापछि हुने अनुसन्धानको स्वतन्त्र विश्लेषणका लागि विमान निर्माता कम्पनीसमक्ष नै ब्ल्याक बक्स पठाउन लागिएको उहाँको भनाइ छ । "ब्ल्याक बक्सबाट तथ्याङ्क निकाल्ने मात्रै कुरा हुँदैन", उहाँले भन्नुभयो, "सामान्य अनुसन्धान र दुर्घटनापछि गरिने अनुसन्धान फरक पर्ने भएकाले प्राविधिक विश्लेषणका लागि फ्रान्स पठाउन लागिएको हो", उहाँले भन्नुभयो । उहाँका अनुसार ब्ल्याक बक्ससहित दुर्घटना जाँच आयोगका विज्ञ टोली पनि फ्रान्स जानेछन् । आयोगले हालसम्म दुर्घटनाको स्थलगत अनुगमन, आवश्यक कागजात सङ्कलन तथा विज्ञसँग छलफल गरिसकेको छ । विमान दुर्घटनापछि एटिआर विमान निर्माता कम्पनीबाट आएको नौ सदस्यीय टोली प्रारम्भिक अध्ययन गरी फर्किसकेको छ । सहसचिव लामिछानेले आयोगको सुपरीवेक्षणमा रहेर उक्त टोलीले आवश्यक अध्ययन गरेको र आयोगसँगसमन्वयगर्दैरआवश्यक परे फेरि नेपाल आउने गरी स्वदेश फर्किएको जानकारी दिनुभयो । ब्ल्याक बक्स विमान दुर्घटना भएको भोलिपल्ट माघ २ गते बिहान भेटिएको थियो । ब्ल्याक बक्स विमान दुर्घटनाको कारण पत्ता लगाउन महत्वपूर्ण मानिन्छ । ब्ल्याक बक्समा ' फ्लाइट राडर रेकर्ड' र 'ककपिट भ्वाइ रेकर्ड' हुन्छ । काठमाडौंबाट पोखराका लागि उडेको यती एयरलाइन्सको कलसाइन ९-एएनसी (एटीआर-७२-२१२) विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब १८ मिटर पर सेती नदीको खौंचमा दुर्घटना भएको थियो । उक्त विमानमा सवार चालक दलका सदस्यसहित ७२ मध्ये ७१ जनाको निधन भइसकेको छ भने बाँकी एकजनाको खोजी जारी छ । पोखरा विमानस्थलका प्रमुख विक्रम गौतमका अनुसार मृतक ७१ जनामध्ये निधन भएको र थप एक जनाको शव पहिचानका लागि डिएनए परीक्षण गर्न लागिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले दुर्घटना जाँच आयोगले तीव्रताका साथ काम गरिरहेको बताउनुभयो । सरकारले विमान दुर्घटनाबारे जाँच गर्न पाँच सदस्यीय दुर्घटना जाँच आयोग गठन गरेको थियो । पूर्वसचिव नागेन्द्र घिमिरे संयोजक रहेको आयोगका सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बाँस्तोला (अवकाशप्राप्त उपरथि) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इञ्जिनियर एकराजजङ्ग थापा हुनुहुन्छ । आयोगको सदस्यसचिवमापर्यटनमन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने हुनुहुन्छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले पदबहालीसँगै दुर्घटनाबारे चासो व्यक्त गर्दै जाँच आयोगलाई छिटो र प्रभावकारी काम गर्न निर्देशन दिनुभएको थियो । उहाँले मुलुकको हवाई उड्डयन क्षेत्रलाई सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउन सबैखाले सुधार गर्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

मन्त्रीको जिम्मेवारी सम्हालेलगत्तै मन्त्री किराँतीले नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणका उच्च अधिकार र प्राविधिक टोलीसँग छलफल गरी हवाई सुरक्षा अभिवृद्धिका साथै पूर्वाधार विकासको कामलाई चुस्त र प्रभावकारी पार्न निर्देशन दिनुभएको थियो । उहाँले दुर्घटना जाँच आयोगका पदाधिकारसँग पनि छलफल गरी कामलाई प्रभावकारी बनाउन आग्रह गरिसक्नुभएको छ । प्राधिकरणका प्रवक्ता निरौलाका अनुसार हालसम्म मुलुकमा आन्तरिक र अन्तर्राष्ट्रिय गरी एक सय चारवटा विमान दुर्घटना भएका छन् । यी दुर्घटनामा नौ सयभन्दा बढी मानवीय क्षति भएको छ । मानवीय क्षतिको हिसाबले पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना आन्तरिक उडानतर्फको सबैभन्दा ठूलो हो । तुलनात्मकरूपमा सुरक्षित भनिने एटिआर सिरिजका विमान दुर्घटना पर्नु आफैंमा दुर्भाग्य भएको वायुसेवा सञ्चालक सङ्घका प्रतिनिधि एवं सिता एयरका आधिकारिक व्यवस्थापक घनश्यामराज आचार्यको भनाइ छ । नेपालमा पहिलो अन्तर्राष्ट्रिय हवाई दुर्घटना बाराको सिमरामा भएको थियो । सन् १९५५ मा कालिगा एयरको विमान दुर्घटना हुँदा दुई जनाले ज्यान गुमाएका थिए । यस्तै सन् १९५६ र १९५८ भारतीय एयरलाइन्सका दुई विमान दुर्घटना भएका थिए । ती दुर्घटनामा ३४ यात्रुको ज्यान गएको थियो ।

# निवृत्त शिक्षक समुदायको वक्तित्वकला प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ७ माघ



माघ २८ गते हुन गैरहेको निवृत्त शिक्षक समुदाय कास्कीको राजत जयन्तिको पूर्व सन्ध्यामा आयोजित माध्यमिक विद्यालय स्तरिय वक्तित्वकला प्रतियोगिता शनिबार नवप्रभात मा.वि. नयाँबजारमा संस्थाका अध्यक्ष छबिलाल आचार्यको अध्यक्षतामा सम्पन्न गरिएको छ ।

कास्की जिल्लाका १८ मा.वि. सहभागी रहेको उक्त कार्यक्रममा छोरेपाटन माविकी गायात्री गौतम प्रथम, मेहेश्वर मावि पुम्दीकी आकाङ्क्षा बराल दोस्रो, महेन्द्र मावि नयाँबजारका बिशाल खड्का तेस्रो भएका थिए भने कालिका मावि रामबजार संस्कृत माबि बगर र अमर सिंह मा बि रामबजारका क्रमस वासना सुबेदी, सौरब पौडेल, सदिक्षा पौडेलले सान्त्वना स्थान प्राप्त गर्न भएको थियो ।

पुरस्कार रकम क्रमस १००००, ७०००, ३००० साथै सान्त्वना १००० रहेको उक्त कार्यक्रममा नारायण परिश्रमी सम्योजक रामराज रेग्मी र भुवनेश्वर शर्मा मुल्याङ्कन टोलिमा रहन भएको थियो । कार्यक्रममा सल्लाहकार रामराज रेग्मी, क्षेत्रबहादुर कुँवर, दामोदर पराजुली, शिक्षक बामदेब पौडेल र उपाध्यक्ष नरबहादुर गुरुङले कार्यक्रम बारे बोल्नु भएको थियो । कार्यक्रम सचिव शेसकान्त आचार्यले सन्चालन गर्नु भएको उक्त कार्यक्रममा शिक्षक विद्यार्थी गरेर ९५ जनाको शाहअभागीता रहेको थियो ।

# उपकारको वार्षिकोत्सवमा रक्तदान र स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, ७ माघ



पोखरा महानगरपालिका वडा नं ६ लेकसाइड स्थित उपकार बचत तथा ऋण सहकारीले स्वास्थ्य क्षेत्रमा सामाजिक उत्तरदायित्व निर्वाह गर्दै वार्षिकोत्सव मनाएको छ ।

संस्थाले शनिबार १४ औं वार्षिकोत्सवको अवसरमा खुला रक्तदान तथा निशुल्क रक्त जाँच शिविर आयोजना गऱ्यो । संस्थाले वार्षिक कार्यक्रम अन्तर्गत रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा आयोजना गरेको कार्यक्रममा ३९ युनिट रगत संकलन भएको छ । पोखरा ६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले रक्तदाता तुलसी दाहाललाई ब्लड ब्याग हस्तारन्तरण गरी कार्यक्रम सुरुआत गरेका थिए । सोही अवसरमा युआरएलको सहयोगमा मधुमेह तथा थाइराइडसम्बन्धी रक्त जाँच सित्तैमा गरिएको थियो । सो अवसरमा २ सय ५ जनाको सित्तैमा जाँच गरिएको थियो । वडाध्यक्ष भट्टराईले सहकारीले सामाजिक उत्तरदायित्व वहन गर्दै सेयर सदस्यको जीवनस्तर उकास्न र समृद्धिका लागि योगदान गर्नुपर्ने बताए । वडा कार्यालय सहकारी र वडाका संघ, संस्थासँग सहकार्य गरी अघि बढ्ने उनले बताए । वरिष्ठ थाइराड, मधुमेह तथा हर्मोन रोग विषेशज्ञ डा रमेशराज आचार्यले आधुनिक प्रविधि र दक्ष जनशक्तिका कारण मेडिकल क्षेत्र धेरै अघि बढिसकेको बताए । उनले मधुमेह, थाइराइड जस्ता समस्याले अरु अनेक समस्या निम्त्याउने भएकाले सरोकारवाला सबैले यस्ता रोग नियन्त्रणका लागि काम गर्नुपर्नेमा जोड दिए । युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले यो प्रदेशको अग्रणी ल्याब भएकाले व्यापार विस्तारमात्र नभई सामाजिक दायित्व निर्वाहमा पनि अग्रणी हुने जमर्को गरेको सुनाए । उनले युआरएल स्थापनाको १० वर्षमा १४२ विभिन्न संघ, संस्थासँग सहकार्य गरी निशुल्क शिविरहरु आयोजना गरिएको सुनाए । पन्तले भने, 'अहिलेसम्म १ लाख ४२ हजारभन्दा बढीलाई सित्तैमा सेवा दिएका छौं । रोग लागेपछि उचित उपचार र लाग्नुअघि नै सजग बनाउन विभिन्न तहका सरकार, स्वास्थ्य संस्था र नागरिक समाज मिलेर काम गर्नुपर्छ ।'

सहकारीका अध्यक्ष सूर्यनाथ पहारीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की सभापति डण्डराज पौडेल, माता तालबाराही आरती सेवा समिति अध्यक्ष मंगल नेपाली, शिशु स्याहार केन्द्र बैदामका अध्यक्ष संगिता बराल र संस्थाका उपाध्यक्ष दुर्गा पहारी, कोषाध्यक्ष बैकुण्ठ ढुंगाना, कार्यक्रम संयोजक माधव थापा, सचिव सुन्दरराज पहारी लगायतले बोलेका थिए ।

# छात्रवृत्ति प्रदान

पोखरापत्र संवाददाता
दमौली, ७ माघ

तनहुँको आँबुखैरेनी गाउँपालिकाले गरिब तथा जेहेन्दार विद्यार्थीलाई रू छ लाख ५० हजार बराबरको छात्रवृत्ति रकम वितरण गरेको छ ।

आँबुखैरेनी गाउँपालिका क्षेत्रभित्रका स्थायी ठेगाना भएका गरिब तथा जेहेन्दार विद्यार्थीलाई अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यसहित गाउँपालिकाले २२ जनालाई छात्रवृत्ति प्रदान गरेको हो । गाउँपालिका छात्रवृत्ति वितरण कार्यविधि, २०७९ अनुसार गत मङ्सिर २९ गते प्रकाशित सूचनाबमोजिम निवेदन पेश गरेका विद्यार्थीलाई छात्रवृत्ति वितरण समितिको सिफारिस तथा गाउँ कार्यपालिकाको निर्णयबमोजिम छात्रवृत्ति प्रदान गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।

'विभिन्न तहमा अध्ययनरत विद्यार्थीको पढाइमा सहयोग पुगोस् भन्ने उद्देश्यसहित छात्रवृत्ति रकम वितरण गरेका हौं, यसले गर्दा उहाँहरूको पढाइलाई टेवा पुग्ने विश्वास लिएका छौं', चुमानले भन्नुभयो । छात्रवृत्ति प्राप्त गर्नेमा उच्च माध्यमिक तहदेखि विद्यावारिधि तहसम्म अध्ययनरत विद्यार्थी छन् । छात्रवृत्ति पाउनेमा आँबुखैरेनी गाउँपालिका-३ का अमर ठकुरीले युनिभर्सिटी अफ साउथ डाकोटाबाट विद्यावारिधि गर्दै हुनुहुन्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| ककर्ट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, मादी गाउँपालिका वडा नं.-२ (साविक नामार्जुङ-५) निवासी भारतीय भु.पु. सैनिक नं. 5241276 K का तेज बहादुर गुरुङको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर भुलक्ष्मी गुरुङ र जन्म मिति २०१६।०५।१० भएको र पतिको सैनिक अभिलेखमा भुलक्ष्मी र जन्म मिति इ.सं. १९६२।०१।०१ भएकोले एउटै व्यक्तिको नाम थर, जन्म मिति फरक फरक भएता पनि उल्लेखित दुवै नाम थर, जन्म मिति गरेको व्यक्ति एउटै हुन् ।



**त्रिभुवन विश्वविद्यालय**
**वन विज्ञान अध्ययन संस्थान**
**पोखरा क्याम्पस, पोखरा**

**ल्याब Equipment सप्लाई गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको पुनः सूचना**

यस क्याम्पसको फरेष्ट्री प्रोडक्ट्स युटिलाईजेशन ल्याबका लागि Equipment खरिद गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. २१,६५,०००।-(एक्काईस लाख पैसट्ठी हजार मात्र) मा नबढाई सप्लाई गरी जडान गर्न ईच्छुक, कालो सूचीमा नपरेका ल्याब Equipment हरु सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७९/१०/२९ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख

